का.जि.प्र.का.द.नं. १००/०५२/६०
६ भदौ २०८३
शनिबार
22 August 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१२। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

असुरक्षित छोरीहरू

- हराउने बालबालिकाको बढ्दो ग्राफ
- ७० प्रतिशत बालिका



गरिमा चौधरी हराएको प्रहरीलाई जानकारी गराए पनि २४ घण्टासम्म कुनै प्रहरी परिचालन गरिएको छैन । घटना भएपछि मात्र प्रहरीले कुकुर लिएर अनुसन्धान थालेको छ ।

■ रहबर अन्सारी
सांसद, बारा

हराएका बालबालिकामध्ये ७० प्रतिशत बालिका छन् । त्यसमा पनि ६० प्रतिशत बालिका १४ वर्ष काठेका र १८ वर्षमुनिका रहेको पाइएको छ । बालिका धेरै किन हराउँछन् भन्ने अध्ययन भएको छैन ।

■ रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बालअधिकार परिषद्



घना जंगलमा रहेको बाघ त कता गयो भनेर पत्ता लगाउन सकिन्छ । हराएका बालबालिका खोजतलास गर्न नसकिने होइन । राज्यका निकायले संवेदनशील भइदिनुपऱ्यो ।

■ गौरी प्रधान
बालअधिकारकर्मी

> नेपालमा बर्सेनि हराउने हजारौं बालबालिकामध्ये ७० प्रतिशत बालिका छन्, जसमध्ये धेरैजसो घरेलु श्रम, यौन शोषण र अपराधको जोखिममा पर्ने गरेका छन् । बाराकी तीन वर्षीया गरिमा चौधरीको बलात्कार र हत्या प्रकरणले हराएका बालबालिकाको खोजीमा राज्य तथा प्रहरी प्रशासनको गम्भीर लापरबाही छताछुल्ल पारेको छ ।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ५ भदौ

बाराकी तीन वर्षीया गरिमा चौधरी गत साउन ३१ गते बिहान साढे ८ बजेतिर घरबाट एकाएक हराइन् । छोरी हराएको तीन घण्टासम्म पनि नभेटिएपछि उनकी आमा मानमतीले सिमरा र पथलैया प्रहरीलाई जानकारी गराइन् । प्रहरीले खोज्छौं भन्ने जवाफ त दिए, तर सकुशल उद्धार गर्न सकेनन् ।

उनको शव तीन दिनपछि भक्तिनगरको एउटा खाली घरको कोठामा भेटियो । बालिकाको बलात्कारपछि हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । घटनामा संलग्नताको आरोपमा प्रहरीले छिमेकी २४ वर्षीय प्रोग्रेस चौधरी र अर्का १६ वर्षीय किशोरलाई पक्राउ गरेको छ । बालिकालाई चकलेट दिएर फकाई घटनास्थलमा लगेको र बलात्कारपछि हत्या गरेको खुलेको छ ।

बालिका हराएको बेलैमा जानकारी गराउँदा पनि प्रहरीले तत्कालै गम्भीरताका साथ खोजी नगरेको भन्दै सडकदेखि सदनसम्म विरोध भइरहेको छ । बालिकाका आमाबुवा दुवै सडकमा धर्नामा छन् । उनीहरू गृहमन्त्री, कानुनमन्त्री वा प्रधानमन्त्री आएर बलात्कारविरुद्ध कडा कानुन बनाउने प्रतिबद्धता नजनाएसम्म शव बुझ्न तयार छैनन् । 'हामीलाई राहत, पैसा केही चाहिएन । अपराधीलाई हदैसम्मको कारबाही होस्,' बालिकाकी आमा मनमतीले भनिन्, 'यस्तो कानुन बनोस्, कसैले यस्तो अपराध गर्ने आँटै नगरोस् । हाम्री छोरी त दुष्टले माऱ्यो, अब कसैका छोरी नमरून् ।'

बाराकै सांसद रहबर अन्सारी प्रहरीलाई बालिका हराएको जानकारी गराउँदा पनि गम्भीरतापूर्वक खोजतलास »» पृष्ठ २ मा

नानी बोकेर माइतीघरमा आमाहरू

बाराकी तीनवर्षे दुधे बालिकाको बलात्कारपछि हत्या भएको घटनापछि देशव्यापी विरोध प्रदर्शन भइरहेको छ । यो घटनाले सबैभन्दा धेरै छोयो, आमाहरूलाई । काठमाडौंको माइतीघर मण्डलामा शुक्रबार आमाहरूले प्रदर्शन गरे । भदौरे घाममा छाता ओढेर आएका कैयौंले साना नानीहरूलाई पनि सँगै ल्याएका थिए ।

जितपुर सिमरामा बालिका हराएको केही घण्टामै परिवारले प्रहरीलाई जानकारी गराएको थियो । तर, प्रहरी समयमै सक्रिय नहुँदा घटना घटेको स्थानीयको आरोप छ । त्यसैको विरुद्धमा बारा र काठमाडौंका प्रदर्शनमा महिलाहरूको उल्लेख्य सहभागिता थियो । प्रदर्शनकारीले अहिले भएकोभन्दा कडा कानुनको माग गरेका छन् । स्वतन्त्र आमा नेपालको आयोजनामा माइतीघरमा भएको प्रदर्शनमा सहभागी आमाहरू काखमा बच्चा लिएर सहभागी थिए । सहभागीले छोरीहरूका लागि सुरक्षित वातावरण गरिदिनुपर्ने, मृतक बालिकाको परिवारलाई न्याय दिनुपर्ने, दोषीलाई हदैसम्मको कारबाही गर्नुपर्ने माग गरेका थिए । प्रदर्शनकारीहरूले 'बलात्कारीलाई फाँसी दे, १० लाख क्षतिपूर्ति होइन, न्याय चाहियो'जस्ता प्लेकार्डसहित नाराबाजी गरेका छन् । प्रदर्शनमा स्वतन्त्र आमाहरूले बालबालिकामाथि हुने यस्ता जघन्य हिंसाका घटना रोक्न राज्यका निकायहरू अझै संवेदनशील बन्नुपर्ने बताएका छन् । उनीहरूले बलात्कार र हत्यामा »» पृष्ठ २ मा

महाधिवेशनको दुई महिनापछि

लयमा फर्कदै रास्वपा

संसद्मा झन्डै दुईतिहाइ बहुमतको आफ्नै भारले थिचिएको रास्वपा पार्टी सञ्चालनमा पनि सुस्त भइरहेका बेला सभापति रवि लामिछानेले पदाधिकारी मनोनयन र जिम्मेवारी बाँडफाँट गरेर पार्टीलाई लयमा फर्काउन खोजेका छन् ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ५ भदौ

प्रथम महाधिवेशन सकिएको झन्डै दुई महिनापछि सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संगठनात्मक गतिविधिलाई गति दिएको छ । गत असार ७-१२ मा चितवनमा भएको महाधिवेशनपछि एकपछि अर्को विवाद, अन्तरविरोध र चुनावी हारजितको ह्याङओभरले तालमेल बिग्रेको थियो । पदाधिकारी तथा केन्द्रीय सदस्यमध्ये केही नेतालाई मनोनीत गरेर सभापति रवि लामिछानेले पार्टीलाई लयमा फर्काउने कोसिस गरेका हुन् ।

सभापति लामिछानेको प्रस्तावमा शुक्रबार केही पदाधिकारी र केन्द्रीय सदस्य मनोनीत भए । महाधिवेशनबाट विधानतः शक्तिशाली बनेका लामिछानेले १५१ सदस्यीय केन्द्रीय समितिमा »» पृष्ठ २ मा

स्थानीय र प्रदेशमा रास्वपाले जित्नुपर्ने निष्कर्षसहित पार्टीलाई एउटा लयमा लैजानुपर्नेछ । त्यसका लागि सबै तहको संगठनलाई बलियो बनाउन नयाँ समितिले काम गर्न थालेको छ ।

■ निशा डाँगी
सहमहामन्त्री

बैठक छाडेर मुस्ताङतिर बालेन

रास्वपा केन्द्रीय समिति बैठक काठमाडौंमा चलिरहँदा पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन्द्र शाह मुस्ताङ भ्रमणमा निस्किए । प्रधानमन्त्री भइसकेपछि पहिलोपटक शुक्रबार मुस्ताङको यात्रा तय गरेका बालेन काठमाडौंबाट धादिङ पुग्दासम्म नेपाली सेनाबाहेक सुरक्षा निकायका कुनै अधिकारीलाई थाहै थिएन । धादिङको गजुरीस्थित नेपाली सेनाको »» पृष्ठ २ मा

४ महिनामा ३७६ कर्मचारीको राजीनामा

काठमाडौं/मस–
कर्मचारीतन्त्र परिचालनमा सरकारको कार्यशैलीले सिंहदरबारमा असन्तुष्टि बढाएको छ । त्यसैको परिणामस्वरुप माथिल्लो तहका कर्मचारीले राजीनामा दिने क्रम बढेको छ ।

पछिल्लो चार महिनाको अवधिमा तीन सय ७६ जना निजामती कर्मचारीहरूले सेवाबाट राजीनामा दिएका छन् । राष्ट्रिय किताबखाना (निजामती) का अनुसार, गत वैशाखदेखि साउन मसान्तसम्मको अवधिमा ती कर्मचारीले पदबाट राजीनामा दिएका हुन् । राजीनामा दिनेहरूमा नीति निर्माण र कार्यान्वयनको माथिल्लो »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसिया जाने नेपाली सुरक्षागार्डको उमेरहद पुनरावलोकन गर्न माग

मध्यान्ह संवाददाता
काठमाडौं, ५ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा. दीपक काफ्लेलाई भेट गरी प्रमुख पाँच विषयमा ध्यानाकर्षण गराएको छ । संघका अध्यक्ष डिकबहादुर खत्रीको नेतृत्वमा संघ पदाधिकारीसहितको प्रतिनिधिमण्डल शुक्रबार मन्त्रालय पुगेर सो भेट गरेको हो ।

भेटमा संघले मलेसिया जाने नेपाली सुरक्षागार्डको उमेरहद पुनरावलोकन गरी २२ देखि ५० वर्ष कायम गर्न कूटनीतिक पहल

गर्नुपर्नेलगायत माग राखेको छ । यस विषयमा सम्बन्धित मलेसियाली निकायलाई समेत पत्राचार गरिएको भन्दै संघले नेपाल »» पृष्ठ २ मा

विभागद्वारा साउनमा मात्रै ७ करोड ८१ लाखभन्दा बढी क्षतिपूर्ति असुल

काठमाडौं/मस– वैदेशिक रोजगार विभागले साउन महिनामा मात्रै ७ करोड ८१ लाख रुपैयाँभन्दा बढी क्षतिपूर्ति असुल गरेको जानकारी दिएको छ ।

डिजिटल उजुरी प्रणाली अनलाइन पोर्टलमार्फत प्राप्त उजुरी व्यवस्थित रूपमा कार्यान्वयनमा लगिएको भन्दै विभागले अब आकर्षक तलबको प्रलोभनमा हुने ठगी निरुत्साहित हुने बताएको छ ।

वैदेशिक रोजगारमा म्यानपावर कम्पनी र अनधिकृत एजेन्टका सम्बन्ध कसिलो भए पनि प्रमाण पुऱ्याउन कठिनाइ हुने, ठग्ने व्यक्तिले नगद लिएर र प्रमाण नदिनेजस्ता धेरै चुनौती रहेको पनि विभागले बताएको »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

दर्ता भएन देउवाको रिट, कारबाहीबारे छलफल गर्दै संस्थापन

मध्यान्ह संवाददाता
काठमाडौं, ५ भदौ

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले १५औं महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै सर्वोच्च अदालतमा लगेको रिट दर्ता नभएपछि फिर्ता लिइएको छ । पूर्वसभापति देउवा र तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काको तर्फबाट छुट्टाछुट्टै रिट सर्वोच्च गएको थियो । दुवै नेताहरूको तर्फबाट कानुन व्यवसायीले सर्वोच्च गए पनि शुक्रबार भने रिट दर्ता भएन । निवेदकलाई सोमबार बोलाइएको छ । शुक्रबार अध्ययन नसकिएको भन्दै सर्वोच्च प्रशासनले दर्ता नगरेको बताएको छ । दर्ता नभएपछि शुक्रबार साँझ नै उक्त रिट निवेदन सच्याउन भन्दै देउवा समूहले फिर्ता लिइएको हो ।

शुक्रबार सर्वोच्च अदालतमा प्रधानन्यायाधीश डा.मनोज शर्मा र मुख्य रजिस्टार विमल पौडेल थिएनन् । महत्त्वपूर्ण रिट रहेको र प्रशासनको प्रमुख र प्रधानन्यायाधीश नै नभएकाले दर्ता रोकिएको हो । सर्वोच्च प्रशासनले रिट पेस गर्नेहरूलाई सोमबार आउन भनेको छ । देउवा र खड्काले वारेसमार्फत रिट सर्वोच्चमा पुऱ्याएका थिए । देउवाको वारेस कांग्रेस नेता दीपक खड्का र खड्काको वारेस अधिवक्ता श्रवणकुमार रहेका छन् । रिटमा उत्प्रेषणको आदेश माग गरिएको छ । उनीहरूले असोजमा महाधिवेशन गर्नेगरी पार्टीले अघि बढाएको कार्यतालिका रोक्न माग गरेका छन् ।

नेताहरू अदालत धाउन थालेपछि पार्टीको १५औं महाधिवेशन प्रभावित हुने भएको छ । आधिकारिता विवादमा पुनः सुनुवाइ गर्न सर्वोच्चले निस्सासमेत दिइसकेको अवस्थामा त्यसको टुंगो नलाग्दासम्म महाधिवेशनसम्बन्धी काम अघि नबढाउन नमिल्ने देउवा पक्षको तर्क छ । देउवा समूहका नेता एनपी साउदले अदालत वा निर्वाचन आयोगमा रहेका मुद्दाहरूको छिटो निरूपण चाहेको बताए । 'हामीले अदालत वा निर्वाचन आयोगमा रहेका मुद्दाहरूको छिटो निरूपण चाहेका छौं, ताकि पार्टीको वैधानिकतामाथि कसैले औंला ठड्याउन नसकोस्,' उनले भने । आफ्नो समूहका नेताहरूले सबै मिलेर पार्टीलाई नयाँ जीवन दिन तयार रहेकाले यसका लागि सबैले आ-आफ्नो पोजिसन छाड्नुपर्ने उनको भनाई छ ।

देउवा समूहको पछिल्लो गतिविधिप्रति कांग्रेसको अनुशासन समितिले ध्यानाकर्षण गराएको छ । पूर्वसभापति देउवालाई चुनदेवीमा सभापतिको हैसियतमा नेमप्लेट राखेकोप्रति समितिले आपत्ति जनाएको हो । शुक्रबार बसेको अनुशासन समितिको बैठकपछि संयोजक तारामान गुरुङले पार्टीको लेटरप्याड अनधिकृत रूपमा प्रयोगप्रति गम्भीर ध्यानाकर्षण भएको बताए । 'सभापतिको नेमप्लेट टेबलमा राखेर शेरबहादुर दाइलाई आसन ग्रहण गराइएको छ,' उनले भने, 'उहाँ निवर्तमान सभापति हुनुहुन्छ । पार्टीको विधानसम्मत ढंगबाट जाँदा उहाँलाई सभापति भन्न सकिन्न । नेमप्लेट किन राखियो ?' उनले देउवा समूहलाई आधिकारिक रूपमा पार्टीको लेटरप्याड प्रयोग गर्ने अधिकार नभएको भन्दै केही नेताहरूमाथि कारबाहीको डन्डा चलाउन सक्ने संकेत गरेका छन् ।

विशेष महाधिवेशनबाट निर्वाचित वर्तमान केन्द्रीय कार्यसमितिले आगामी असोज १६-१९मा महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको छ । तर, इतर पक्षको भेलाले गगन थापालाई सभापति अस्वीकार गर्दै देउवाकै नेतृत्वमा महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

कांग्रेसका प्रवक्ता देवराज चालिसे पार्टीमा अनुशासन कायम गर्ने कुरामा समितिले कसैलाई छुट नदिने बताए । 'अनुशासन समिति आफ्नो काम गर्न स्वतन्त्र छ,' उनले भने, 'अनुशासन समितिले पार्टीको विधिबाहिर गए जोसुकैलाई कारबाही गर्न सक्छ । कसलाई कारबाही गर्ने भन्ने उसको कुरा हो ।'

अदालत वा निर्वाचन आयोगमा रहेका मुद्दाहरूको छिटो निरूपण चाहेका छौं, ताकि पार्टीको वैधानिकतामाथि कसैले औंला ठड्याउन नसकोस् ।
एनपी साउद
नेता, देउवा समूह

सभापतिको नेमप्लेट टेबलमा शेरबहादुर दाइलाई आसन ग्रहण गराइएको प्रति अनुशासन समितिको ध्यानाकर्षण भएको छ । पार्टीको विधानसम्मत ढंगबाट उहाँ पूर्वसभापति हो । सभापतिको नेमप्लेट किन राखियो ?
तारामान गुरुङ
संयोजक, अनुशासन समिति

कतारमा नेपालीद्वारा नयाँ रात्रिकालीन क्लब सञ्चालन

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, ५ भदौ

वैदेशिक रोजगारीका लागि कतार आएका नेपालीहरू पछिल्लो समय रोजगारीमा मात्रै सीमित नरही विभिन्न पेसा, व्यवसायमा समेत सक्रिय हुँदै आएका छन् । यसैक्रममा केही नेपालीहरूको संयुक्त लगानीमा कतारमा नयाँ रात्रिकालीन क्लब 'क्राउन क्लब'सञ्चालनमा ल्याइएको छ ।

रोशन सुवेदी, सन्दीप भट्टराई र ओमकृष्ण ढुंगानालगायत नेपालीहरूको संयुक्त लगानीमा कतारको मुग्लिनास्थित भिआइपी होटेलको सबैभन्दा माथिल्लो रुफटप फ्लोरमा क्लब सञ्चालनमा ल्याइएको हो ।

बिहीबार राति आयोजित विशेष समारोहकाबीच क्लबको ढुंगानाकी वृद्ध आमा धनमायाले केक काटेर औपचारिक उद्घाटन गरेकी थिइन् । आमाको हातबाट व्यवसायको उद्घाटन गराएर सञ्चालक ढुंगानाले पारिवारिक सम्मानसँगै नेपाली संस्कार र परम्परालाई समेत जोड दिएका थिए । उद्घाटन समारोहमा बोल्दै एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थीले पछिल्लो समय नेपालीहरू रोजगारीसँगै व्यवसायमा समेत अघि बढ्दै गएकोमा खुसी व्यक्त गर्दै नयाँ व्यवसायीलाई सबैले साथ, सहयोग र हौसला दिनुपर्ने बताए । व्यवसाय सुरु गर्नु आफैंमा चुनौतीपूर्ण काम भएकाले

निरुत्साहित गर्नुको सट्टा प्रोत्साहन र सहयोग गर्नुपर्ने उनको भनाइ थियो ।

पन्थीले नेपालीहरूले सञ्चालन गरेका व्यवसायलाई सफल बनाउन समुदाय स्तरबाट सक्दो सहयोग गर्नुपर्ने उल्लेख गर्दै नयाँ क्लबको सफलताको शुभकामना दिए । क्लब सञ्चालक सन्दीप भट्टराईले आफ्नो तेस्रो क्लब उद्घाटनको अवसरमा उपस्थित सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी, आफन्त, मित्र तथा शुभचिन्तकप्रति हार्दिक आभार व्यक्त गरे । व्यावसायिक यात्राका क्रममा आफूले विभिन्न संघर्ष र उतारचढाव पार गर्दै आजको सफलता हासिल गरेको बताउँदै उनले आफ्नो सफलतामा परिवार, साथीभाइ तथा शुभचिन्तकहरूको साथ र सहयोग महत्वपूर्ण रहेको उल्लेख गरे ।

आफ्नो खुसीमा सहभागी हुन उपस्थित सबैप्रति धन्यवाद व्यक्त गर्दै भट्टराईले आगामी दिनमा पनि यस्तै माया, साथ र सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गरे । उद्घाटन समारोहमा कतारमा रहेर गीत-संगीतको क्षेत्रमा सक्रिय गायक इशान रेग्मीले विशेष सांगीतिक प्रस्तुति दिएका थिए । उनले 'वीरताको चिनो'बाट आफ्नो प्रस्तुति सुरु गरेका थिए । त्यसपछि नेपाली संगीतका पुराना तथा लोकप्रिय गीतहरू प्रस्तुत गर्दै उनले उपस्थित अतिथि तथा दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । रेग्मीले करिब आधा दर्जन गीत प्रस्तुत गरेका थिए । कार्यक्रमको सहजीकरण रोशन अर्यालले गरेका थिए ।

कतारमा नेपाली समुदायको आर्थिक गतिविधि र व्यावसायिक सहभागिता बढ्दै जाँदा नयाँ क्लबको सञ्चालनले नेपालीहरूको व्यावसायिक विविधता र लगानीको विस्तारलाई समेत प्रतिबिम्बित गरेको छ । क्लबका सञ्चालकहरूले नेपाली समुदायसँगै कतारमा रहेका अन्य समुदायलाई समेत लक्षित गर्दै मनोरञ्जनात्मक वातावरण प्रदान गर्ने उद्देश्यले व्यवसाय सञ्चालनमा ल्याइएको बताएका छन् ।

असुरक्षित...

नगरिएको बताउँछन् । 'बालिका हराएको प्रहरीमा जानकारी गराए पनि २४ घण्टासम्म कुनै प्रहरी परिचालन गरिएन,' उनले भने, 'शवको गन्ध आएको छिमेकीले ७२ घण्टापछि थाहा पाएपछि बल्ल प्रहरी कुकुर लिएर पुगेका छन् ।'

बाराकी गरिमा मात्र होइन, देशैभर बालबालिका हराउने संख्याको ग्राफ उकालो लागेको छ । तीमध्ये कैयौंको ज्यान जाने, कोही घरेलु कामदार र यौन व्यवसायमा लगाइने गरेको छ । प्रहरीको रेकर्डमा अहिले पनि हजारौं बालबालिका हराइरहेकै छन् ।

५ मंसिर २०८१ मा १५ वर्षकी स्वेच्छा थामी काठमाडौंको टोखाबाट हराइन् । विद्यालय, आफन्त, नाता पर्ने सबै ठाँउमा सोधखोज गरेपछि परिवारले मंसिर १४ गते छोरी हराएको भन्दै आमा मीना थामीले प्रहरीमा उजुरी दिइन् । कालो ज्याकेट, कालो पाइन्ट र चप्पल लगाएकी उनी अहिलेसम्म फेलापरेकी छैनन् ।

त्यस्तै, सर्लाही ईश्वरपुर नगरपालिका वडा नं. ६ की १० वर्षीया तारा श्रेष्ठ १० माघ २०८१ मा हराइन् । उनी ललितपुरको धोविघाटबाट हराएको भन्दै बाबु गणेश श्रेष्ठले २८ माघमा प्रहरीमा निवेदन दिएका थिए । प्रहरीले थामी र श्रेष्ठ दुवैको नाम हराएका बालबालिकाका रूपमा सार्वजनिक त गरेको छ, तर उनीहरूको अत्तोपत्तो लगाउन सकेको छैन ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको बालबालिका खोजतलास समन्वय केन्द्रमा आर्थिक वर्ष २०८२/८३ मा मात्र ८ हजार ७२४ बालबालिका हराएको उजुरी परेको थियो । तीमध्ये ८ हजार ४३८ बालबालिका फेला पारेको केन्द्रले जनाएको छ । त्यस्तै, २८६ बालबालिका भने अझै भेटिएका छैनन् । उनीहरूको खोजतलास जारी राखेको केन्द्रले जनाएको छ ।

केन्द्रमा बालबालिका हराएको उजुरी मात्र परेका छैनन् । ३८४ जना बालबालिका बेवारिसे अवस्थामा फेलासमेत पारेको छ । तीमध्ये २९५ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ । ७९ जना अहिले पनि संस्थाको संरक्षणमा नै छन् ।

नेपाल प्रहरीले आर्थिक वर्ष २०८२/०८३मा २ हजार २६७ जना बालक हराएकोमा ६० जना अझै नभेटिएको जनाएको छ । तर, हराउने बालिकाको संख्या अझै धेरै छ । प्रहरीका अनुसार, ६ हजार ४५७ जना बालिका हराएकामा ६ हजार २३१ जना फेला परिसकेका छन् । २२६ बालिका अझै बेपत्ता छन् ।

त्यस्तै, आर्थिक वर्ष २०८१/२०८२मा १ हजार ८९० जना बालक हराएका छन् भने झन्डै चार गुणा बढी अर्थात् ५ हजार ३४२ बालिका हराएका थिए । तीमध्ये ५६८ बालिका र १६२ बालक अझै भेटिएका छैनन् । यस्तै, आर्थिक वर्ष २०८०/२०८१मा १ हजार ६५६ जना बालक र ४ हजार ६५३ जना बालिका हराएका थिए । तीमध्ये २ हजार १३४ बालिका र ५८७ बालक नभेटिएको प्रहरीको तथ्यांक छ ।

बालबालिका हराउने क्रम बढ्दै गइरहेकोप्रति सरकारी निकायहरूकै मत भिन्न छ । नेपाल प्रहरी हराएर फेला नपर्नुको संख्या धेरै देखिनुमा आफैं सम्पर्कमा आएका वा परिवारको प्रयासले भेटिएकाको विवरण प्रहरीलाई उपलब्ध नगराउनु रहेको दाबी गर्छ ।

बालबालिका हराएको तत्कालै खबर गरिए पनि प्रहरीमाथि गम्भीरताका साथ खोजी नगर्ने गरेको आरोप छ । गरिमा हराएको तीन घण्टाभित्रै प्रहरीमा उजुरी दिँदासमेत प्रहरीले सक्रियता नदेखाएको देखिन्छ ।

राष्ट्रिय बालअधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दका अनुसार, हराएका बालबालिकामध्ये ७० प्रतिशत बालिका छन् । त्यसमा पनि ६० प्रतिशत १४ वर्ष काटेका र १८ वर्षमुनिका किशोरी रहेको पाइएको छ । उनी भन्छन्, 'बालक हराए भने ढिलोचाँडो घर फर्किन्छ, तर बालिका हराए भने धेरै घर नफर्किएको अवस्था छ ।' बालिकाहरू किन धेरै हराइरहेका छन् भन्नेबारे राष्ट्रिय तहमै अध्ययन हुनुपर्ने उनी बताउँछन् । 'बालिकाहरू विभिन्न होटल, डान्सबार र यौन शोषणमा परेको अवस्थामा हामीले उद्धार गरेका छौं,' चन्द भन्छन्, 'तर, सरकारी तहबाट यसको गम्भीर अध्ययन गरिएको छैन ।' अधिकांश बालबालिका श्रममै प्रयोग भइरहेको अवस्थामा पाइएको उनी बताउँछन् । पारिवारिक कलह, उमेरसँगै बढ्दो महत्त्वाकांक्षा, गरिबी, उपेक्षालगायत कारणले बालबालिका हराउने उनको बुझाइ छ ।

बालबालिका खोजतलास समन्वय केन्द्रका कार्यक्रम अधिकृत सन्तोषचन्द्र अधिकारीले भने टिनएजका क्रममा बाटो बिराएर, आमाबाबुसँग टाढिएर बालबालिका आफैं पनि घर छाडेर हिँड्ने गरेको बताउँछन् । 'कतिपयले नाम, ठेगाना नै परिवर्तन गर्ने गरेको पाइएको छ,' उनले भने, 'सीमानाकामा हराउने बालबालिकाको संख्या बढ्दो छ ।' बालकभन्दा बालिकालाई घरेलु कामदारका रूपमा राख्ने गरिएको छ । त्यसबाहेक कलिला बालिकालाई यौन व्यवसायमा लगाउने गरेको पाइएको उनी बताउँछन् ।

मानवअधिकार आयोगका पूर्वआयुक्त एवं बालअधिकारकर्मी गौरी प्रधान बालबालिका हराउनुमा सामाजिक समस्या, प्राकृतिक प्रकोप, आर्थिक अभावले प्रभाव पारेको बताउँछन् । उनी भन्छन्, 'सामाजिकअन्तर्गत जातीय आधारमा उपेक्षित गर्ने, शोषण हुने, दिनहुँ आमाबाबुको कलह हुने, बालबालिकामाथि पनि हिंसा हुने पर्छन् । त्यसमा पनि आर्थिक अभावका कारण घर छाड्ने गरेको पाइएको छ ।' पहिले सशस्त्र द्वन्द्व, त्यसपछि भूकम्प, बाढी प्रकोपलगायतले बालबालिका विस्थापित हुँदा सहरतिर बढी हराउने गरेको प्रधानले बताए ।

'राम्रो मान्छेले भेट्यो भने उनीहरूको सजिलै पुनर्स्थापना हुन्छ,' उनले भने, 'गलत मान्छेले भेट्यो भने शोषण हुन्छ, अन्याय हुन्छ ।' पछिल्लो समय अभिभावकको बढ्दो सम्बन्धविच्छेद, वैदेशिक रोजगारीका कारण पारिवारिक विचलन परेको उनी बताउँछन् । 'घना जंगलमा रहेको बाघ त कता गयो भनेर पत्ता लगाउन सकिन्छ,' उनले भने, 'हराएका बालबालिका खोजतलास गर्न नसकिने होइन । राज्यका निकाय संवेदनशील भइदिनुपर्‍यो ।'

नानी...

संलग्न दोषीलाई हदैसम्मको कडा कानुनी कारबाहीको माग गरेका छन् भने घटनामा गम्भीर लापरबाही गर्ने इलाका प्रहरी कार्यालय सिमराका जिम्मेवार प्रहरी अधिकृतहरूमाथि विभागीय तथा कानुनी कारबाही हुनुपर्ने माग गरे । साउन ३१ गते बिहान घरबाट हराएकी बालिका भदौ २ गते बलात्कारपछि हत्या भएको अवस्थामा भेटिएकी थिइन् । बालिकाको खोजीमा प्रहरीको कमजोरी भएको भन्दै इलाका प्रहरी कार्यालय सिमराका डिएसपी दिलीप क्षेत्रीलाई जिम्मेवारीबाट हटाएर फिर्ता बोलाइएको छ ।

लयमा...

५१ जना मनोनीत गर्दै छन् । ९९ जना केन्द्रीय सदस्य तथा पदाधिकारी भने महाधिवेशनबाटै निर्वाचित भएका थिए । रास्वपाको विधानले सभापतिलाई शक्तिशाली भूमिका दिएको छ । सभापति लामिछानेलाई पार्टीको संसदीय दलको नेता हटाउनेसम्मको अधिकार छ ।

विधानले सभापतिलाई दिएको अधिकार प्रयोग गर्दै पहिलो चरणमा केन्द्रीय पदाधिकारी, प्रवक्ता र सदस्यहरू मनोनीत गरिएको नेता मनीष झाले बताए । 'अझै मनोनयन बाँकी छन्, पहिलो चरणमा सभापतिले पार्टी प्रवक्तासहित केही पदाधिकारी र केन्द्रीय समितिमा मनोनीत गर्नुभएको छ,' उनले भने । नयाँ कार्यसमितिले पार्टीलाई थप व्यवस्थित, सुदृढ, वैचारिक तथा संगठनिक हिसाबले बलियो बनाउने उनको दाबी छ । 'हिजो हामी नयाँ थियौं, तर अब सधैं नयाँ भन्ने अवस्था रहँदैन,' उनले मध्यान्हसँग भने, 'पार्टीलाई थप व्यवस्थित, सुदृढ, वैचारिक तथा संगठनिक हिसाबले बलियो बनाउन नयाँ ऊर्जासहित आएको केन्द्रीय कार्यसमितिले काम गर्नेछ ।'

रास्वपा केन्द्रीय समितिले पूर्णता पाइसकेको भने छैन । केन्द्रीय समितिलाई पूर्णता दिने काम पाँच वर्षभरिमा गर्न पाउने पार्टी सभापति रवि लामिछानेले बताइसकेका छन् । उनले भनेका छन्, 'हामीलाई केन्द्रीय समितिमा मनोनीत गर्ने समय पर्याप्त छ । पाँच वर्षसम्म पनि गर्न सकिन्छ । विस्तारै जिम्मेवारी दिँदै जाने हो, यसमा कुनै हतार छैन ।'

लामिछानेले यसो भने पनि वरिष्ठ नेता वालेन्द्र शाहले आफ्नो कोटामा परेका पदाधिकारी र केन्द्रीय सदस्यको नाम नपठाएका कारण कमिटीले पूर्णता पाउन नसकेको रास्वपास्रोत बताउँछ । शुक्रबार मनोनीत भएका अधिकांश पदाधिकारी सभापति लामिछानेनिकट छन् । केन्द्रीय समितिमा ल्याइएका गृहमन्त्री सुधन गुरुङ, भौतिकमन्त्री सुनिल लम्साल र पूर्वमहामन्त्री भूपदेव शाह भने प्रधानमन्त्री शाहनिकट मानिन्छन् । उनीहरू तीनैजना पदाधिकारी मनोनीत हुने सहमतिअनुसार गत महाधिवेशनमा उम्मेदवारी नदिई बाहिर बसेका थिए ।

रास्वपा स्रोतका अनुसार, भूपदेव शाह महामन्त्री, सुनील लम्साल र सुधन गुरुङमध्ये एकजना उपसभापति र एकजना सहमहामन्त्री बन्ने सहमति भएको थियो । सोही अनुसार उनीहरूलाई केन्द्रीय सदस्य मनोनीत गरिएको एक नेताले बताए । पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन शाहसँगको परामर्शमा उनीहरूलाई पदाधिकारी बनाउने सभापति लामिछानेको तयारी रहेको उनले बताए । 'उनीहरूलाई शुक्रबार नै पदाधिकारी नबनाउनुको कारण बालेनले आफ्नो टिमबाट पठाउने नेताहरूको लिस्ट नदिनु पनि हो,' उनले भने, 'प्रधानमन्त्री शाह मुस्ताङ भ्रमणबाट फर्किएपछि सल्लाह गरेर अर्को बैठकमा बालेन टिमका पदाधिकारी मनोनीत हुन सक्छ ।'

सामान्य प्रशासनमन्त्री प्रतिभा रावललाई भने सहमहामन्त्री बनाउने चर्चा छ । सभापति लामिछानेनिकट मानिएकी रावलको 'पर्फमेन्स' राम्रो रहेको नेताहरूको विश्लेषण छ । पार्टी संरचनालाई पूर्णता दिँदै लयमा फर्काएर आगामी स्थानीय तहको निर्वाचनमा केन्द्रित हुन सजिलो भएको नेताहरूले बताएका छन् । पार्टी संरचनालाई केन्द्रदेखि भूगोलसम्म व्यवस्थित र चुस्त र चलायमान बनाएर आगामी स्थानीय तथा प्रदेश निर्वाचनको तयारीमा जुट्न शीर्ष नेताहरूले निर्देशन दिएको सहमहामन्त्री निशा डाँगीले बताइन् ।

पार्टीलाई एउटा लयमा लगेर आगामी स्थानीय तह र प्रदेशको निर्वाचनमा जित्ने बनाउन संगठनलाई भूगोलसम्म बलियो बनाउनुपर्ने निष्कर्ष रहेको उनले बताइन् । 'हामी अहिले सत्तामा छौं, तर स्थानीय र प्रदेश सरकारले संघीय सरकारको स्प्रिटअनुसार काम गरेन भने केन्द्रीय सरकारले मात्रै काम गर्न सक्दैन,' उनले भनिन्, 'नागरिकको अपेक्षाअनुसार काम गर्न पनि स्थानीय र प्रदेशमा रास्वपाले जित्नुपर्ने निष्कर्षसहित पार्टीलाई एउटा लयमा लैजानुपर्ने हुन्छ । त्यसका लागि केन्द्रदेखि स्थानीय तहसम्मको संगठनलाई बलियो बनाउन नयाँ समितिले काम गर्नेछ ।'

तर मधेश प्रदेशअन्तर्गतका अधिकांश जिल्ला, प्रदेश र अन्य जिल्लाहरूमा समेत अधिवेशन हुन सकेको छैन । आन्तरिक विवादका कारण अधिवेशन हुन नसकेका जिल्ला र प्रदेशसमेत केन्द्रीय नेताहरू खटाउने पार्टीको तयारी छ । सोहीअनुसार मधेश प्रदेश अधिवेशनमा पार्टी सभापति रवि लामिछाने नै जाने तयारीमा छन् ।

प्रवक्तामा जगदीश, अरू को-को भए मनोनीत ?

रास्वपा केन्द्रीय समितिको शुक्रबारको बैठकले प्रवक्तासहित पाँच पदाधिकारी, ९ केन्द्रीय सदस्य मनोनयन गरेको छ । त्यस्तै, १० जनालाई सचिवालय सदस्यको जिम्मेवारी तोकेको छ भने ६ वटा विभागका जिम्मेवारीसमेत तोकिएको छ । पार्टीको प्रवक्तामा पूर्वसञ्चारमन्त्री एवं सांसद जगदीश खरेललाई तोकिएको छ ।

सहमहामन्त्री पुरुषोत्तम यादव, कोषाध्यक्षमा डा. मनोहर प्रधान, सहकोषाध्यक्षमा बसुमाया तामाङ, सहप्रवक्तामा डा.नमिता यादव र सुरेन्द्र चौधरी मनोनीत भएका छन् । त्यस्तै, केन्द्रीय सदस्यहरूमा भूपदेव शाह, सुधन गुरुङ, सुनिल लम्साल, प्रतिभा रावल, पुरुषोत्तम यादव, बसुमाया तामाङ, सुरेन्द्र चौधरी, भक्तबहादुर राई, डा. मनोहर प्रधान रहेका छन् । शुक्रबारकै बैठकले सचिवालय सदस्यमा शिशिर खनाल, गणेश पराजुली, कवीन्द्र बुर्लाकोटी, विराजभक्त श्रेष्ठ, लिमा अधिकारी, दीपकराज बोहरा, समीक्षा बाँस्कोटा, शिव नेपाली, इन्दिरा रानामगर र मनीष झालाई जिम्मेवारी दिएको छ ।

त्यस्तै, विभागीय जिम्मेवारीअर्न्तगत संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, सार्वजनिक सेवा तथा जनगुनासो विभाग प्रमुख विजय जैरु, जनस्वास्थ्य विभाग प्रमुख डा. तोसिमा कार्की, पूर्वाधार विभाग प्रमुख निशा डाँगी, अन्तर्राष्ट्रिय तथा कूटनीति विभाग प्रमुख शिशिर खनाल र अर्थ विभाग प्रमुख लिमा अधिकारीलाई तोकिएको छ ।

बैठक...

भैरव गणमा केहीबेर रोकिएका प्रधानमन्त्री शाह शुक्रबार दिउँसै पोखरा पुगेर अन्नपूर्ण इको भिलेज रिसोर्टमा बसे । सुरक्षा संयन्त्रलाई समेत बिनाजानकारी भ्रमणमा निस्किएका बालेनको भ्रमणलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निजी भ्रमण भनेको छ । प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालले प्रधानमन्त्री निजी भ्रमण नै भएकाले उनको बारेमा थप जानकारी लिनुपरे निजी सचिवालयबाट लिँदा उपयुक्त हुने बताएका छन् । 'सम्माननीयको यो भ्रमण निजी हो । अन्य बुझ्न परे उहाँको सचिवालयमा बुझ्न सकिनेछ,' उनले भने ।

पोखरा हुँदै मुस्ताङ भ्रमणमा निस्किएका उनको भ्रमण निजी भनिए पनि सरकारी तथा निजी सवारीको लावालस्कर र अगुवा-पछुवासहित हुइँकिएका छन् । काठमाडौंमा पार्टीको बैठक चलिरहँदा वरिष्ठ नेताको जिम्मेवारीमा रहेका प्रधानमन्त्रीको उपत्यकाबाहिर जानुले रास्वपाभित्र गुटगत राजनीति मैलाउँदै गएको संशय बढेको नेताहरूले बताएका छन् । 'प्रधानमन्त्रीज्यू आफैं प्रधानमन्त्री बन्नुभएको होइन, उहाँलाई पार्टीले नै वरिष्ठ नेता, संसदीय दलको नेता र प्रधानमन्त्री बनाएको हो,' रास्वपाका एक केन्द्रीय सदस्यले भने, 'पार्टीको नीति, नेतृत्व र राजनीतिक गतिविधिमा उहाँको सहभागिता पार्टीले खोजेको छ । तर, उहाँ प्रायः पार्टीका बैठकमा आउने गर्नुभएको छैन, उहाँले कमजारी सच्याउनु होला ।' रास्वपा केन्द्रीय समितिको बैठकमा नगएका उनी यसअघिका पार्टी तथा संसदीय दलको बैठकमा समेत सहभागी छैनन् ।

प्रतिनिधिसभा निर्वाचनपूर्व रास्वपामा प्रवेश गरेका बालेन र सभापति रवि लामिछानेबीच पार्टी र सत्ता सञ्चालनको भागबन्डा भएको थियो । पार्टी रविले र सरकार बालेनले चलाउने र एकले अर्कोलाई हस्तक्षेप नगर्ने सहमति भए पनि प्रधानमन्त्री पार्टी बैठकमै नआउने भन्ने सहमति नभएको नेताहरूले बताएका छन् । पार्टीका वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री शाहले पार्टी बैठक निरन्तर छल्दै आएका छन् । रास्वपा वरिष्ठ नेता भएर पनि उनी रास्वपाका कुनै पनि औपचारिक वा अनौपचारिक बैठक तथा राजनीतिक गतिविधिमा संलग्न छैनन् । संसदीय दलको बैठकसमेत पार्टी सभापति लामिछानेले नै सञ्चालन गर्दै आएका छन् । अघिल्लो बैठकले उनलाई वरिष्ठ नेता मनोनीत गऱ्यो । तर, अहिलेसम्म शपथसम्म लिएका छैनन् ।

४ महिनामा...

तहमा रहेका उच्चपदस्थ अधिकारीको संख्या उल्लेख्य छ । किताबखानाका निर्देशक एवं सूचना अधिकारी सुदन श्रेष्ठका अनुसार, यो अवधिमा विशिष्ट श्रेणीका ३ जना सचिव, प्रथम श्रेणीका ७० जना सहसचिव र द्वितीय श्रेणीका ६५ जना उपसचिवले राजीनामा बुझाएका छन् ।

राजीनामा दिने सचिवहरूमा गोविन्द शर्मा र डा. कमलप्रसाद पोखरेलगायत रहेका छन् । त्यसैगरी, ७० सहसचिवमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काजमा कार्यरत सहसचिव लेखनाथ ज्ञवाली, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जगेडामा रहेका सहसचिवद्वय विनोद लामिछाने र चन्द्रबहादुर शिवाकोटीले पदबाट राजीनामा दिएका छन् ।

नेपाली निजामती प्रशासनमा एकैपटक यति ठुलो संख्यामा, विशेष गरी सहसचिव र उपसचिव तहका कर्मचारीले राजीनामा दिनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । राजीनामा दिने अन्य कर्मचारीहरूमा अधिकृत र सोभन्दा मुनिका सहायकस्तरका कर्मचारी छन् ।

प्रधानमन्त्री कार्यालय र मन्त्रीको अनावश्यक दबाबबाहेक राजीनामाको अर्को कारण निजामति ऐनको संशोधनलाई मानिएको छ । सरकारले ल्याउने तयारी गरेको निजामति सेवा ऐनमा ५५ वर्षमा अनिवार्य अवकाश र ३० वर्षे सेवाअवधि तोकिएकोभन्दै त्यसबाट जोगिनका लागि पनि उपल्लो तहका कर्मचारीले राजीनामा दिएको हुनसक्ने सरकारी अधिकारीहरू बताउँछन् ।

यति छोटो अवधिमा यति धेरै उच्च अधिकारीहरूले सेवा छाडेको यो पहिलोपटक भएको पनि किताबखानामा कार्यरत कर्मचारीहरू बताउँछन् । यसभन्दा अगाडि राजीनामा दिएर जानेभन्दा अनिवार्य अवकाशमा जाने कर्मचारीको अनुपात बढी हुने गरेकोमा अहिले भने राजीनामा दिने कर्मचारी बढेका हुन् ।

मलेसिया...

सरकारले पनि तदारुकतासाथ उमेरसम्बन्धी समस्या समाधानको पहल गर्नुपर्नेमा जोड दिएको छ । मलेसियामा निर्माण, कृषि, वृक्षारोपणलगायत कामदारको उमेर १८ देखि ४५ वर्ष र घरेलु सहयोगीका लागि आवेदन दिँदा २१ देखि ४५ वर्ष उमेरको हुनुपर्छ । तर, नेपालबाट ठुलो संख्यामा जाने सुरक्षाकर्मी ४८ वर्षको उमेरमा अवकाश भएपछि जाने गरेका कारण नेपालका लागि विशेष व्यवस्था गरिनुपर्ने संघको माग छ ।

त्यस्तै, पूर्वी मलेसियाको मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्ने, युएई जाने श्रमिकको प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणको व्यवस्था हटाउन कूटनीतिक पहल गर्ने, नेपाली राजदूतावासबाट २ सयजनासम्मको मागपत्रको प्रमाणीकरण गर्ने, स्वैच्छिक व्यवस्था पुनरावलोकन गरी रोजगारदाताबाट प्राप्त जतिसुकै संख्याको मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्नुपर्ने माग संघले राखेको छ । संघले वैदेशिक रोजगार व्यवसायीलाई प्रशासनिक नियमन गर्न एकद्वार प्रणाली लागू गर्न पनि अनुरोध गरेको महासचिव हिराबहादुर डाँगी (हरि)ले बताए ।

विभागद्वारा...

छ । विभागमा वैदेशिक रोजगार व्यवसायीले उजुरी फरकफारकमा तीव्रता दिएका कारण उनीहरूविरुद्धका उजुरी घट्दै गएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका वैदेशिक रोजगार विभाग समन्वय समितिका संयोजक लक्ष्मण पौडेल बताउँछन् । युरोपेली मुलुक, अस्ट्रेलिया, क्यानडा, अमेरिका, न्युजिल्यान्ड र कोरियामा पठाइदिने भन्दै ठगीको प्रवृत्ति बढेको बताइएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

माया घरको प्रगति

एक वर्षमा १८४ जनाको उद्धार, ११२ जनाको पुनर्मिलन

तेज बन/मध्यान्ह
इटहरी, ५ भदौ

सडकमा बेवारिसे अवस्थामा रहेका अशक्त तथा असहाय व्यक्तिहरूको उद्धार र पुनःस्थापना गर्दै आएको माया घर नेपालले शुक्रबार आगामी रणनीति तथा कार्यक्रमबारे सरोकारवालासँग बृहत् छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको छ । नजिकिँदै गरेको साधारणसभा व्यवस्थित रूपमा सम्पन्न गर्न तथा संस्थाको भावी सञ्चालन रणनीतिका लागि सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा सहभागी सामाजिक व्यक्तित्वहरूले माया घरले गर्दै आएको मानवसेवाको प्रशंसा गर्दै यस्ता संस्थालाई राज्यले संरक्षण र सहयोग गर्नुपर्ने धारणा राखे ।

माइती नेपाल सुनसरीकी संयोजक सुनिता कार्कीले सामाजिक सञ्जालमा फैलिएका नकारात्मक हल्लालाई चिर्दै संस्था आफ्नो उद्देश्यमा केन्द्रित भएर अघि बढ्नुपर्ने बताइन् । जग्गादाता फूलराज सुवेदीले आश्रितहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने तथा देखिएका कमजोरी सुधार गर्दै अघि बढ्न सुझाव दिए। सञ्चारकर्मी हिमाल दाहालले संस्थालाई सहयोग गर्ने दाताहरूको विवरण सार्वजनिक गर्न तथा आधिकारिक वेबसाइटमार्फत गतिविधि पारदर्शी बनाउन सुझाव दिए । त्यस्तै, आस्था फाउन्डेसनका सञ्चालक तथा सामाजिक अभियन्ता चन्द्र बरालले सामाजिक सञ्जालमा फैलिएका नकारात्मक हल्लाको पछि नलागी आफ्नो लक्ष्यमा केन्द्रित भएर अघि बढ्नुपर्ने सुझाव दिए । नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य तथा सञ्चारकर्मी बाबुराम सुवेदीले माया घरजस्ता संस्थालाई राज्यले आफ्नै सम्पत्तिका रूपमा जिम्मेवारी लिनुपर्ने धारणा राखे। जिल्ला प्रहरी कार्यालय सुनसरी महिला सेलकी प्रहरी मेनुका राई र इलाका प्रहरी कार्यालय इटहरीका डीएसपी सुवास हमालले सडक मानव उद्धारमा माया घरले खेलेको भूमिकाको प्रशंसा गर्दै सहकार्य निरन्तर रहने बताए । कार्यक्रमको अन्त्यमा माया घर नेपालकी अध्यक्ष सुभद्रा प्याकुरेलले संस्थाका कमजोरी सुधार गर्दै आगामी दिनमा अझ प्रभावकारी रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।

१८४ जनाको उद्धार, ११२ जनाको पुनर्मिलन

माया घर नेपाल, इटहरी, सुनसरीले सार्वजनिक गरेको विवरणअनुसार आर्थिक वर्ष २०८२/०८३ मा १८४ जनाको उद्धार गरिएको छ भने ११२ जनाको परिवारसँग पुनर्मिलन गराइएको छ। माया घरको विवरणपत्रअनुसार हाल संस्थामा १३६ जना आश्रित रहेका छन्। सो अवधिमा १५ जनाको निधन भएको छ। माया घरमा आश्रितमध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने २ जना, आमाबच्चासहित आश्रित ७ जना, कलेज अध्ययनरत १ जना र विद्यालय अध्ययनरत ४ जना रहेको विवरणमा उल्लेख छ।

साउदीमा नेपाली श्रमिक साह २० दिनदेखि सम्पर्कविहीन

अन्जान गुभाजु/मध्यान्ह
रियाद, ५ भदौ

साउदी अरेबियामा वैदेशिक रोजगारीका क्रममा रहेका धनुषाको सबैला नगरपालिका-३, सबैलाका ४२ वर्षीय नेपाली श्रमिक कामेश्वर साह विगत करिब २० दिनदेखि सम्पर्कविहीन भएपछि उनको खोजी तथा उद्धारका लागि सहयोगको अपिल गरिएको छ ।

साह विगत करिब दुई वर्षदेखि रियादस्थित साउदी सर्भिसेस फर इलेक्ट्रो मेकानिक वर्क्स कम्पनीमा लेबरका रूपमा कार्यरत रहेको र कम्पनीले कामको सिलसिलामा उनलाई रियादबाट करिब ३००-४०० किलोमिटर टाढा रहेको अल अहमर क्षेत्रमा पठाएको जानकारी प्राप्त भएको छ । त्यसयता उनीसँग परिवार, आफन्त तथा सम्बन्धित व्यक्तिहरूको सम्पर्क हुन सकेको छैन । कम्पनी तथा क्याम्पबाट प्राप्त जानकारीअनुसार साहको मानसिक अवस्था सामान्य नरहेको बताइएको छ । तर उनी हाल कहाँ र कस्तो अवस्थामा छन् भन्नेबारे अहिलेसम्म कुनै ठोस जानकारी प्राप्त हुन नसकेपछि परिवार तथा आफन्त थप चिन्तित बनेका छन्। उनको खोजीका लागि सम्बन्धित कम्पनी, नेपाली समुदाय तथा सरोकारवाला निकायमार्फत आवश्यक पहल र समन्वय गर्न आग्रह गरिएको छ । कामेश्वर साहको स्थायी ठेगाना धनुषा, सबैला नगरपालिका-३, सबैला रहेको छ। उनको पासपोर्ट नम्बर पिए ३१५७३२९ रहेको जनाइएको छ। साहलाई कसैले देखे, भेटेमा वा उनको अवस्थाबारे कुनै जानकारी पाएमा हेल्प मधेसी साउदी अरबका अध्यक्ष श्याम कुमार महतोलाई +९६६५५३६०६७३ मा तत्काल सम्पर्क गरिदिन अनुरोध गरिएको छ ।

आइसीयू नहुँदा बर्दियाका बिरामी ३६ किलोमिटर टाढा जानुपर्ने बाध्यता

बर्दिया/मस– बर्दिया क्षेत्र नं. १ का सांसद ठाकुरसिंह थारूले बर्दिया अस्पताल गुलरियामा आइसीयू सेवा नहुँदा जिल्लाका बिरामी उपचारका लागि करिब ३६ किलोमिटर टाढा नेपालगन्ज जानुपर्ने बाध्यता रहेको बताएका छन् । भदौ ५ गते प्रतिनिधिसभामा बोल्दै सांसद थारूले करिब साढे ५ लाख जनसंख्या रहेको बर्दिया जिल्लामा हालसम्म आइसीयू सेवा सञ्चालनमा आउन नसकेको विषय सरकारको ध्यानाकर्षण गराएका हुन् । उनका अनुसार बर्दिया अस्पतालमा आइसीयू सञ्चालनका लागि आवश्यक भौतिक संरचना भए पनि दक्ष जनशक्तिको अभावका कारण सेवा सञ्चालन हुन सकेको छैन। गम्भीर प्रकृतिका बिरामीलाई उपचारका लागि नेपालगन्ज लै जानुपर्ने अवस्था रहेको उनले बताए।

सांसद थारूले वर्षायाम सुरु भएयता बर्दिया अस्पतालमा ९ जना सर्पदंशका बिरामी उपचारका लागि भर्ना भएको र उपचारकै क्रममा एक जनाको मृत्यु भएको जानकारी संसदमा गराए । उनले आइसीयू अभावका कारण गम्भीर अवस्थामा रहेका बिरामीलाई समयमै आवश्यक उपचार उपलब्ध गराउन कठिनाइ भइरहेको बताए ।

'आइसीयू नहुँदा बर्दियाको गुलरियाबाट करिब ३६ किलोमिटर टाढा नेपालगन्जमा उपचारका लागि जानुपर्ने बाध्यता छ,'सांसद थारूले भने, 'म सम्माननीय सदनमार्फत नेपाल सरकारसँग आग्रह गर्दछु, तत्काल आईसीयूको व्यवस्था होस्।'

मलेशियामा रोजगार LEADER STEEL SERVICE CENTRE SDN BHD
पूर्व स्विकृति मिति: 2026/08/21 चलानी नं. ६०२६०१०७ LT No. 346887

सि.नं.	कामदारको पद	माग संख्या	मासिक तलब RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Factory Worker (Manufacturing Sec.)	02	1700	64436	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८३/०५/ १३ गते (29 August 2026) हुनेछ।

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. ७००/- रोजगारदाताले	रोजगारदाता कम्पनीले	रु.१५०० रोजगारदाताले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: निःशुल्क श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५,सम्पर्क व्यक्ति:- लाल पुन, ९८४१०३६७१३

UAEमा रोजगार कम्पनी : EYESHOT INTERIORS LLC
शहर: Ajman, UAE पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८२/१०/०८ चलानी नं. ६०२५१४६८ LT No. 337587

सि.नं.	कामदारको पद	माग संख्या (पुरुष)	न्यूनतम योग्यता	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Carpenter	1	काममा दक्ष	1500	६०,०६०	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	छ	२ वर्ष
२.	Wood Carving	1		1500	६०,०६०							
३.	Decorative Painter	1		1500	६०,०६०							
४.	Wood Turner	2		1500	६०,०६०							
५.	Wood Treater	2		1500	६०,०६०							

स्वदेशमा गरिने प्रि मेडिकल गर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कुल लागत खर्च
कामदार आफैले	कम्पनीले	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	कामदार आफैले	रु ७००/- कामदार आफैले	रु १,५००/- कामदार आफैले	निःशुल्क	निःशुल्क

अन्तरवार्ता म्यानपावरको कार्यालय काठमाडौंमा २०८३ भदौ १३ गते (29 Aug, 2026) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd. Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 9802392343
E-mail: jobs@empirenepal.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०४/३० मा दर्ता भएको **प्रा. लि. नं. २२१४५६** को श्री **आधुनिक कृषि फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/०९ मा दर्ता भएको **दर्ता नं. १५२४६७** को **युनिभर्सल मल्टिपर्पोज बिजनेस प्रा. लि.** को मिति २०८३/०४/०५ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ९८५१००६०४६

HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको / नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

SN	Policy No.	Assured Name	Address
1	hli30050000439	Som Gurung	Gorkha Ajirkot Gorkha
2	gli0030000266	Sujata Kumari Tiwari Chhetri	Putalibazar Ward No 01 Putalibazar Syangja
3	Pli1010009292	Daya Ram Karki	Chhampi-5 Lalitpur
4	Pli1110003721	Suntali Parajuli	Mankha-01 Sindhupalchok
5	HLI30090000231	Nimbuti Sherpa (Tamang)	Bhotekoshi Ward No 01 Bhotekoshi Sindhupalchwok
6	HLI30090000230	Yangi Sherpa	Bhotekoshi Ward No 01 Bhotekoshi Sindhupalchwok
7	HLI30090000229	Pema Sherpa	Bhotekoshi Ward No 01 Bhotekoshi Sindhupalchwok

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं

दावी विरोध सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/०६

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **SUPPORT HUMAN RESORCES PVT.LTD. (ई.प.नं. ६६१/०६३/६४)** ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालयहरु बन्द गरि धरौटी रकम फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

शाखा कार्यालय रहेको ठेगाना	शाखा प्रमुखको नाम
कोशी प्रदेश झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०४	झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०४ बस्ने आदित्य प्रसाई

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१२/११ मा दर्ता भएको **प्रा.लि.नं. १६६०३८** को **के.एफ. मिडिया प्रा. लि.** को मिति २०८३/०४/१२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्क: ९८६३५४२२९०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७८।०४।२५ मा दर्ता भएको **प्रा.लि. नं. २६७३२३** को **बिजनेस सुत्र** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३/०५/०६

यस श्री मानपुर मा. वि. टपरा राजापुर न.पा.६, बर्दियाको हाता क्षेत्रबाट आ.व. २०८३/०८४ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको मसला जातको गोलिया काठ १७७.५५ घ.फि. र सिमल जातको गोलिया काठ ५०१.८५ घ.फि.,भेलोर जातको गोलिया काठ ७३.८३, सिसौ (वृक्षरोपण) जातको गोलिया काठ १८०.४५ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस विधालयको सुचना पाटीमा टाँस गरिएको छ।

श्री मानपुर माध्यमिक विद्यालय टपरा राजापुर न.पा.६. बर्दिया मो.नं. ९८४८१७०९२०

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/१५ मा दर्ता भएको **प्रा.लि.नं. २३१५४४/०७६/०७७** को **बिग बेल इन्टरनेशनल कन्सल्टेन्सि प्रा. लि.** को मिति २०८३/०३/३२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा१२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: राजाराम कँडेल (इजाजत नं. ६९६)
ठेगाना: ल.म.न.पा.-१०, ललितपुर
सम्पर्क: ९८०१०६००४९

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, संखुवासभा,कोशी प्रदेश, नेपाल

बाढी पहिरोबाट जोगिऔं, साथै भु-क्षय न्यूनिकरणका उपायहरू अपनाऔं ।

स्थानीय बासीले बर्खाको समय भएका कारण जथाभावी सडक निर्माण नगरौं ।

यस्तो समयमा वन विनाशले पनि बाढीपहिरो निम्त्याउन सक्छ त्यसैले स्थानीय वरपर वन विनाश नगरौं ।

आफ्नो वरपर वृक्षरोपणमा ध्यान दिऔं बाढीपहिरो गएमा सहयोगी भावना निर्माण गरौ बाढी पहिरो नियन्त्रण गरौं ।

यदि बाढी पहिरोको जोखिम भएका स्थानीय ठाँउहरू भएमा त्यस्ता ठाउँ तथा क्षेत्रहरूका नदि किनारमा रूख बाँस निगालोहरू भु-क्षय रोक्ने किसीमका विरूवाहरू रोपौं सजग बनौं ।

आफ्नो बस्ती तथा समुदायमा यस्तो आपद् विपद् आइपरे तुरून्त आफ्नो जनप्रतिनिधिलाई खबर गरौ र सहयोग गरौं ।

आफ्नो बालबालिका बृद्ध बा आमाहरूलाई यस्तो जोखिमको समयमा सकेसम्म आबश्यक काममा वाहेक बाहीर हिडडुल गर्न नलगाउँ सचेत बनौं ।

स्थानीय गाउँघरमा नदि वा खोलामा बाढी आएको थाहा पाएमा नदिको तल्लो भागमा बस्ने समुदायहरूलाई सूचना दिऔ तथा जनप्रतिनिधीलाई खबर गरौं ।

भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

स्थानीय भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, नहर कुलो जस्ता विभिन्न संरचना बनाऔ । आफुपनि बाँचौ अरूलाई पनि बचाऔं ।

भूल सुधार

मिति २०८३/०५/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेत र युएईमा रोजगार शिर्षकमा युएईको **पूर्व स्वीकृत मिति: २०८२/०५/२६, चलानी नं.: ६०२४४६७५** र **L.T. No.: 330340** को पुन विज्ञापनमा कम्पनीको नाम : **SUKHUR ALMARJAN TECHNICAL SERVICES L.L.C** र **करार अवधि १ वर्ष** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

New S.V. International Pvt. Ltd.
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +015913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com
Web: www.newsvintl.com.np, Phone No: 9704888695, 9851189176

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/१२/०९ मा दर्ता भएको **प्रा. लि. नं. २८७२५७** को श्री **धरान रियल इस्टेट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

युएईमा रोजगार कम्पनी : Grako L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ चलानी नं.: ६०२६००७८ LT. No.: 346906

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Cleaners	30	0	स. काममा दक्ष	1000	४१६१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १३ गते (29 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. १५८१/०७५/०८०
ROYAL AND PARTNERS SERVICES PVT. LTD.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Mobile: 9823401265, 9813743203.
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com

UAE मा रोजगार कम्पनी: UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०२/१९ चलानी नं.: ६०२३८९१८ LT. No.: 324988 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security	72	0	स. काममा दक्ष	2000	८३२२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय कास्की पोखरामा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHRC Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No: 01-4111126, 9802050422

मलेसियामा रोजगार कम्पनी: RED CHANNEL SECURITY SDN. BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०३/१० चलानी नं.: ६०२४००५५ LT. No.: 326129 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guards	27	0	स. काममा दक्ष	1700	६४२४३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १३ देखि २१ गतेसम्म (29 August to 6 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAMRAT HUMAN RESOURCES PVT. LTD. License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014,
9851044423 (Narendra Dev Malekar), Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

कुवेतमा रोजगार कम्पनी: DIVVAN GENERAL TRADING & CONTRACTING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०३/११ चलानी नं.: ६०२४०१३९ LT. No.: 326224 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver	1	0	सम्बन्धित काममा दक्ष	150	७४,७३९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Waiters	1	0		130	६४,७७३							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन १३ गते (29 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd.
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

युएईमा रोजगार कम्पनी : PERFECT HUB FOR BUILDING CONTRACTING LLC शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ चलानी नं.: ६०२६००९७ LT. No.: 346911

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant (Electrician, Mechanical, Electronics, Civil)	2	0	सम्बन्धित काममा दक्ष	1200	४९,९३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Buildings Carpenter	3	0		1500	६२,४१५							
3.	Civil Steel Fixer	3	0		1500	६२,४१५							
4.	Concrete Mason	2	0		1500	६२,४१५							
5.	Labourer (Building Worker)	3	0		1000	४१,६१०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १३ गते (29 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.L.D.INTERNATIONAL PVT.LTD. श्रम इजाजत नं. ६७२/०६३/६४
महाराजगंज ४, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५, Saraswati Gurung Shahi Contact Number : 9818628448

कुवेतमा रोजगार कम्पनी : SIMRAMIS CATERING COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ चलानी नं.: ६०२६०१०२ LT. No.:346888

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Worker/labor	21	0	स. काममा दक्ष	95	४७,३३४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १३ गते (29 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VARSHA MANPOWER PVT. LTD. Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)
Email: info@varshanepal.com, Website: www.varshanepal.com

साउदीमा रोजगार कम्पनी: NOOR ALMASA INDUSTRIAL COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/२९ चलानी नं.: ६०२५२३४४ LT. No.: 338863 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Manufacturing Worker	15	0	स. काममा दक्ष	1000	४०,७१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ १३ गते (29 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

संस्मरण

द्विदेशीय बौद्धिक सेतु

पटना कफी हाउस



■ जयप्रकाश आनन्द

बिपीका लागि पटना राजनीतिक सम्पर्कको मात्र केन्द्र थिएन; त्यो वैचारिक ऊर्जा प्राप्त गर्ने सहर पनि थियो । भारतीय स्वतन्त्रता आन्दोलनको प्रभाव, समाजवादी चिन्तनको उभार, विश्वविद्यालयहरूको बौद्धिक वातावरण, सक्रिय पत्रकारिता र साहित्यिक जीवन- यी सबैले उनलाई आकर्षित गर्थे । राजनीतिलाई साहित्य, दर्शन र मानवीय संवेदनासँग जोडेर हेर्ने उनको दृष्टिका कारण पनि पटना उनको स्वाभाविक बौद्धिक गन्तव्य बनेको थियो । त्यस समयको पटना कफी हाउस यस्ता संवादहरूको सबैभन्दा जीवन्त सार्वजनिक स्थल थियो ।

हरेक युग चेतनाको एउटा आत्मा हुन्छ । त्यो आत्मा कहिले कुनै महान् व्यक्तित्वमा बस्छ, कहिले कुनै आन्दोलनमा, त कहिले एउटा साधारण देखिने सार्वजनिक स्थलमा । इतिहासले देखाएको छ- कतिपय कफी हाउस, पुस्तकालय, चियाघर वा चौतारीले विश्वविद्यालयभन्दा गहिरा बहस जन्माएका छन्, संसद्भन्दा दीर्घकालीन विचार निर्माण गरेका छन् । यस्ता स्थानहरू इँटा-सिमेन्टका संरचना मात्र होइनन्; ती समाजको बौद्धिक संस्कारका जीवित अभिलेख हुन् ।

भारतका प्राचीन पाटलिपुत्रको उत्तराधिकारी पटना भारतीय सभ्यता र ज्ञान-परम्पराको एक दीर्घजीवी केन्द्र हो । मगध, मिथिला र तिरहुतका विद्वत् प्रवाह यहाँ आएर एक-अर्कासँग मिसिएका छन् । स्वतन्त्रतापछिको भारतमा विश्वविद्यालय, पुस्तकालय, प्रकाशनगृह, रंगमञ्च, पत्रकारिता र सार्वजनिक बहसको संस्कृतिले यस सहरलाई उत्तर भारतको महत्वपूर्ण बौद्धिक राजधानीका रूपमा स्थापित गऱ्यो । यही परिवेशमा एउटा अनौपचारिक, तर प्रभावशाली संस्था विकसित भयो-पटना कफी हाउस ।

ब्रिटिस शासनकालमा निर्मित औपनिवेशिक प्रशासनिक केन्द्र 'डाक बंगला'परिसरको छेउमा रहेको यो कफी हाउस स्थानका दृष्टिले सामान्य भए पनि भूमिकाका दृष्टिले असाधारण थियो । त्यहाँ लेखक, पत्रकार, प्राध्यापक, विद्यार्थी, कलाकार, समाजवादी चिन्तक, उग्रवादी कम्युनिस्ट, आनन्दमार्गी, बुद्धका उपासक र राजनीतिज्ञहरू एउटै छानामुनि भेटिन्थे । कफी केवल बहाना हुन्थ्यो; वास्तविक आकर्षण विचार, संवाद र असहमतिलाई सभ्य ढंगले सुन्ने संस्कार थियो ।

पटना कफी हाउसको महत्व बिहारसम्म सीमित थिएन । खुला सीमा, साझा सांस्कृतिक सम्बन्ध र लोकतान्त्रिक आन्दोलनका कारण यसको प्रतिध्वनि नेपालसम्म पुग्थ्यो । बिपी कोइराला, मातृकाप्रसाद कोइराला, भद्रकाली मिश्र, रामराजाप्रसाद सिंह, गजेन्द्रनारायण सिंह, प्रदीप गिरि, शैलजा आचार्य, चक्र बास्तोला, स्वामी आनन्द अरुणलगायत नेपाली सार्वजनिक जीवनका अनेक व्यक्तित्वहरूका कारण पटना नेपालका लागि पनि आत्मीय सहर बन्यो । यहाँ भएका संवादहरूले नेपाल-बिहारबीच वैचारिक निकटतालाई बलियो बनाएका थिए ।

पटना : राजनीति, साहित्य र चेतनाको सहर

प्राचीनकालदेखि नै पटना-तत्कालीन पाटलिपुत्र-भारतीय इतिहासको केन्द्रमा रह्यो । मौर्य र गुप्त साम्राज्यको राजधानी बनेको यस भूमिले सम्राट अशोक, चाणक्य र बुद्धको युगदेखि नै राज्य, दर्शन र ज्ञानको संगमस्थलका रूपमा प्रतिष्ठा कमायो । आधुनिक युगमा पनि त्यस ऐतिहासिक निरन्तरताले नयाँ रूप लियो । मगध, मिथिला र तिरहुतको विद्वत् परम्परा यहाँ आएर एक-अर्कासँग मिसियो, जसले पटनालाई केवल प्रशासनिक राजधानी होइन, विचार र ज्ञानको राजधानीका रूपमा पनि स्थापित गरायो ।

त्यसबेलाको पटना विश्वविद्यालय उत्तर भारतकै प्रतिष्ठित शैक्षिक केन्द्रमध्ये एक मानिन्थ्यो । यसको गहिरो सम्बन्ध नेपालको शिक्षाको विकाससँग पनि रहेको छ । पटनाको अर्को विशिष्ट पहिचान थियो-यसको पुस्तक-संस्कृति । गान्धी मैदानको पूर्वतर्फ अवस्थित खुदाबक्स ओरियन्टल पब्लिक लाइब्रेरी पूर्वीय, इस्लामिक र एसियाली अध्ययनका दुर्लभ पाण्डुलिपि तथा ग्रन्थहरूको विश्वप्रसिद्ध भण्डारका रूपमा परिचित थियो । त्यसैगरी पछि अशोक राजपथ नामले परिचित सडक वरिपरि, विशेषत: पटना मेडिकल कलेज आसपास, हिन्दीका प्रतिष्ठित प्रकाशन गृह र पुस्तक पसलहरूको लामो शृंखला थियो । नयाँ पुस्तक, नयाँ विचार र नयाँ लेखकसँग परिचित हुने त्यो क्षेत्र पटनाको बौद्धिक जीवनको अभिन्न अंग बनेको थियो ।

धेरै समकालीनहरूले पटना कफी हाउसलाई एउटा सार्वजनिक संस्थाभन्दा पनि 'विचारहरूको चौतारी'का रूपमा सम्झेका छन्, मैले पनि । यिनै सम्पदाले पटना केवल एउटा ऐतिहासिक सहर रहेन; त्यो दक्षिण एसियाको लोकतान्त्रिक, साहित्यिक र पत्रकारिताका प्रवाह एक-अर्कासँग भेटिने जीवित मञ्च बन्यो । नेपालसँग यसको सम्बन्ध पनि यही बौद्धिक परिवेशबाट अझ गहिरिँदै गयो ।

कफी हाउस : जहाँ विचारहरूको मेला लाग्थ्यो

पटना सहरको मुटु मानिने डाक बंगला चौक केवल एउटा चोक थिएन; त्यो औपनिवेशिक शासनदेखि आधुनिक भारतसम्मको

ऐतिहासिक यात्राको मौन साक्षी थियो । ब्रिटिस शासनकालमा निर्मित 'डाक बंगला' प्रशासनिक र यातु विश्रामस्थलका रूपमा परिचित थियो । समयसँगै त्यस वरिपरि विकसित भएको क्षेत्र स्वतन्त्र भारतको सार्वजनिक जीवनको केन्द्र बन्यो । यही परिसरको एक छेउमा अवस्थित थियो- पटना कफी हाउस । अलिक पछि, यही आसपासमा नेपालका चर्चित राजनीतिज्ञ तथा पूर्वप्रधानमन्त्री डा. तुलसी गिरीले पनि एक रेस्टुरेन्ट खोलेका थिए । यो पनि उत्तिकै उल्लेखनीय हुन्छ ।

दिनको कुनै पनि बेला कफी हाउसमा प्रवेश गर्दा विभिन्न समूहहरू आ-आफ्नै बहसमा तल्लीन देखिन्थे । एकातिर साहित्यकारहरू नयाँ कविता, कथा वा उपन्यासमाथि विमर्श गरिरहेका हुन्थे । अर्कातिर पत्रकारहरू भोलिको सम्पादकीयको विषय खोजिरहेका हुन्थे । कुनै कुनामा विश्वविद्यालयका प्राध्यापक र अनुसन्धानकर्ता इतिहास, दर्शन वा समाजशास्त्रका जटिल प्रश्नमा बहस गरिरहेका हुन्थे भने अर्को कुनामा विद्यार्थीहरू उनीहरूका तर्क ध्यानपूर्वक सुनिरहेका हुन्थे । यहाँ कुनै टेबल कसैको निजी थिएन; विचारको संसारमा आरक्षित आसन हुँदैनथ्यो । यहाँका संवादहरू पूर्वनिर्धारित हुँदैनथे ।

नेपालको राजनीतिक अवस्था, भारतीय समाजवादी आन्दोलन, दक्षिण एसियाको बदलिँदो परिस्थिति र साहित्यिक गतिविधिहरू एउटै संवादमा मिसिन्थे । त्यसैले पटना कफी हाउस केवल बिहारको सार्वजनिक स्थल रहेन; यसले नेपाल-बिहारबीचको बौद्धिक सम्पर्कलाई पनि सुदृढ बनायो ।

बिपी कोइराला, पटना र कफी हाउस

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा पटना केवल एउटा छिमेकी भारतीय सहर होइन; त्यो वैचारिक तयारी, राजनीतिक सम्पर्क र लोकतान्त्रिक सहकार्यको महत्वपूर्ण केन्द्रका रूपमा उपस्थित हुन्छ । विशेषत: वि.सं. २००७ (सन् १९५०-५१)को प्रजातान्त्रिक क्रान्तिको पृष्ठभूमि बुझ्न खोज्दा पटनाको भूमिका स्वाभाविक रूपमा स्मरणमा आउँछ । त्यही परिवेशमा बिपी कोइरालाको पटनासँगको सम्बन्धले एउटा विशेष ऐतिहासिक अर्थ ग्रहण गर्छ ।

बिपीका लागि पटना राजनीतिक सम्पर्कको मात्र केन्द्र थिएन; त्यो वैचारिक ऊर्जा प्राप्त गर्ने सहर पनि थियो । भारतीय स्वतन्त्रता आन्दोलनको प्रभाव, समाजवादी चिन्तनको उभार, विश्वविद्यालयहरूको बौद्धिक वातावरण, सक्रिय पत्रकारिता र साहित्यिक जीवन-यी सबैले उनलाई आकर्षित गर्थे । राजनीतिलाई साहित्य, दर्शन र मानवीय संवेदनासँग जोडेर हेर्ने उनको दृष्टिका कारण पनि पटना उनको स्वाभाविक बौद्धिक गन्तव्य बनेको थियो । त्यस समयको पटना कफी हाउस यस्ता संवादहरूको सबैभन्दा जीवन्त सार्वजनिकस्थल थियो ।

बिपीको व्यक्तित्वको एउटा महत्वपूर्ण पक्ष उनको साहित्यिक चेतना थियो । उनी केवल आन्दोलनका नेता थिएनन्; संवेदनशील कथाकार, उपन्यासकार र गम्भीर पाठक पनि थिए । विश्वसाहित्य, मनोविज्ञान, दर्शन र समाजशास्त्रप्रतिको उनको रुचिले गर्दा कफी हाउसमा हुने संवादहरू उनका लागि राजनीतिक बैठकभन्दा कम महत्वका थिएनन् । कुनै दिन चर्चा नेपालको आन्दोलनबारे हुन्थ्यो भने अर्को दिन दोस्तोएभ्स्की, टल्स्टोय, प्रेमचन्द वा मानव मनोविज्ञानका प्रश्नहरूमा पुग्थ्यो । यही बहुआयामिक संवादले बिपीको बौद्धिक संसारलाई अझ समृद्ध बनाएको अनुमान गर्न सकिन्छ ।

समकालीन समाजवादी चिन्तक देवेन्द्रप्रसाद सिंह बिपीका निकटतम मित्रहरूमध्ये एक थिए । सिंहपछि गएर भागलपुर विश्वविद्यालयका उपकुलपति बने । बिपी र उनीबीचको सम्बन्ध केवल राजनीतिक सहकार्यमा सीमित थिएन; त्यो साहित्य, समाज, लोकतन्त्र र मानव स्वतन्त्रताबारेको साझा चिन्तनमा आधारित गहिरो मित्रता थियो । समाजवादी नेता चन्द्रशेखर जो पछि भारतका प्रधानमन्त्री भए, कतिपयपटक बिपीसँगै कफी सपमा देखिन्थे । प्रो. विमलप्रसादको नाम पनि बिर्सन सकिन्न । पटनाकै निवासी विमलप्रसाद वि.सं. २०४८ पछि नेपालमा भारतका राजदूत भए, बिपीका मित्र उनी पनि त्यस कफी हाउसमा देखिइरहने व्यक्तित्व थिए । त्यसैसमय नेपालका अन्य प्रभावशाली व्यक्तित्वहरू- डा. तुलसी गिरी र डा. नागेश्वरप्रसाद सिंह पनि पटनामा सक्रिय थिए । गजेन्द्रनारायण सिंहको दरभंगा पछि पटना दोस्रो आश्रयस्थल नै थियो । तुलसी गिरी, डा. नागेश्वर सिंह- उनीहरूको राजनीतिक यात्राले पछि फरक दिशा लिए पनि, त्यस समय पटनाको बौद्धिक जीवनसँग उनीहरूको सम्पर्क थियो ।

पटनाबाट प्रकाशित हुने 'द सर्चलाइट' र 'आर्यावर्त'जस्ता प्रभावशाली पत्रपत्रिकाका पत्रकार पनि बिपीसँग नियमित संवाद गर्न इच्छुक रहन्थे । नेपालको राजनीतिक अवस्थाबारे जानकारी लिनु मात्र उनीहरूको उद्देश्य हुँदैनथ्यो; उनीहरू बिपीको लोकतन्त्र, राष्ट्रियता, समाजवाद र दक्षिण एसियाको भविष्यबारेको दृष्टिकोण बुझ्न चाहन्थे ।

बिपीको उपस्थितिले कफी हाउसका संवादलाई अर्को आयाम पनि दिएको थियो । उनी राजनीतिक विषयमा जति सहज थिए, साहित्य र संस्कृतिबारे पनि उत्तिकै आत्मीयतापूर्वक बोल्थे । यही उनलाई केवल राजनीतिक नेताका रूपमा होइन, सार्वजनिक बौद्धिक व्यक्तित्वका रूपमा सम्मान गर्थे । बिपी र पटना कफी हाउसको सम्बन्धलाई कुनै एक भवनसँग मात्र जोडेर हेर्नु उचित हुँदैन । त्यो सम्बन्ध वास्तवमा एउटा बौद्धिक संस्कृतिसँगको सम्बन्ध थियो ।

सदाकत आश्रम र मातृकाप्रसाद कोइराला

नेपाल र बिहारबीचको सम्बन्ध केवल खुला सीमाले निर्माण गरेको सम्बन्ध होइन । यसको आधार साझा इतिहास, लोकतान्त्रिक मूल्य, सांस्कृतिक निकटता र दशकौंदेखि विकसित हुँदै आएको मानवीय आत्मीयता हो । यस सम्बन्धलाई बुझ्न पटनाको सदाकत आश्रम एउटा महत्वपूर्ण ऐतिहासिक सन्दर्भ बनेर उभिन्छ । भारतीय स्वतन्त्रता आन्दोलन, महात्मा गान्धीको सार्वजनिक जीवन, डा. राजेन्द्र प्रसादको राजनीतिक यात्रासँगै नेपाली प्रजातान्त्रिक आन्दोलनका केही महत्वपूर्ण अध्यायहरू पनि यस आश्रमसँग जोडिएका छन् ।

सदाकत आश्रमको स्थापना भारतीय स्वतन्त्रता आन्दोलनकै क्रममा भएको थियो । महात्मा गान्धी पटना आउँदा यही आश्रमलाई आफ्नो प्रमुख विश्रामस्थल बनाउने गर्थे । स्वतन्त्रतापछि भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादले पनि आफ्नो सार्वजनिक जीवनको महत्वपूर्ण समय यहीं बिताए । यही आश्रमसँग नेपालको लोकतान्त्रिक आन्दोलनको पनि एउटा आत्मीय सम्बन्ध गाँसिएको थियो । नेपालका प्रजातान्त्रिक आन्दोलनका अग्रणी नेता तथा पछि प्रधानमन्त्री बनेका मातृकाप्रसाद कोइराला लामो समयसम्म यही आश्रममा बसे । त्यसबेला भारत स्वतन्त्र भइसकेको थियो, तर नेपालमा राणा शासनविरुद्धको आन्दोलन उत्कर्षतर्फ उन्मुख हुँदै थियो ।

यस सन्दर्भमा नेपाली समाजवादी नेता भद्रकाली मिश्रको नाम पनि उल्लेखनीय छ । युवावस्थामा उनी सदाकत आश्रमको वातावरणसँग निकट रहे । गान्धीवादी जीवनदृष्टि, सार्वजनिक अनुशासन र लोकतान्त्रिक संस्कारले उनको राजनीतिक सोचलाई गहिरो प्रभाव पारेको देखिन्छ । पटना बसाइका क्रममा उनी कफी हाउसमा हुने बौद्धिक छलफलका पनि नियमित सहभागी थिए । त्यहाँ नेपाली र भारतीय पत्रकार, समाजवादी चिन्तक तथा साहित्यकारहरूसँग उनका विचार आदान-प्रदान हुने गर्थे ।

यो कफी हाउस स्थानका दृष्टिले सामान्य भए पनि भूमिकाका दृष्टिले असाधारण थियो । त्यहाँ लेखक, पत्रकार, प्राध्यापक, विद्यार्थी, कलाकार, समाजवादी चिन्तक, उग्रवादी कम्युनिस्ट, आनन्दमार्गी, बुद्धका उपासक र राजनीतिज्ञहरू एउटै छानामुनि भेटिन्थे ।

२००७ सालको क्रान्ति, समाजवादी आन्दोलन र पटना

नेपालको वि.सं. २००७ (सन् १९५०-५१)को प्रजातान्त्रिक क्रान्ति नेपालको आधुनिक इतिहासको एउटा निर्णायक मोड थियो । यसले एक शताब्दीभन्दा लामो राणा शासनको अन्त्य गर्दै प्रजातान्त्रिक शासन व्यवस्थाको मार्गप्रशस्त गऱ्यो । यस आन्दोलनको केन्द्र नि:सन्देह नेपालभित्र थियो, तर त्यसको वैचारिक, सांगठनिक र आंशिक रणनीतिक तयारीमा भारतीय भूमि, विशेषत: बिहार र पटनाले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । यही कारणले नेपालको लोकतान्त्रिक इतिहासमा पटनाको नाम सम्मानका साथ स्मरण गरिन्छ ।

नेपालमा राणा शासनविरुद्ध संघर्षरत लोकतान्त्रिक शक्तिहरूप्रति भारतीय समाजवादी नेताहरूको सहानुभूति केवल छिमेकी राष्ट्रप्रतिको सद्भाव थिएन; उनीहरूले त्यसलाई दक्षिण एसियामा स्वतन्त्रता र लोकतान्त्रिक मूल्य विस्तारको साझा अभियानका रूपमा हेरेका थिए ।

नेपाली नेताहरूले भारतमै बसेर आन्दोलनको संगठनात्मक आधार निर्माण गरे । बिपी कोइराला, गणेशमान सिंह, सुवर्ण शमशेर, डा. डिल्लीरमण रेग्मीलगायत नेताले भारतका विभिन्न सहरमा रहँदै नेपालीलाई संगठित गरे । भारतीय समाजवादी नेतृत्वले पनि यस आन्दोलनलाई खुलेर साथ दियो । जयप्रकाश नारायण, डा. राममनोहर लोहिया र आचार्य जे.बी. कृपलानीजस्ता नेताले नेपाली प्रजातान्त्रिक आन्दोलनलाई सार्वजनिक समर्थन दिएका थिए । यस आन्दोलनमा साहित्यकार, पत्रकार र सामाजिक कार्यकर्ताहरूको सहभागिता पनि उल्लेखनीय रह्यो । हिन्दी साहित्यका प्रख्यात कथाकार फणिश्वरनाथ रेणुले केवल आफ्नो कलमबाट मात्र होइन, प्रत्यक्ष रूपमा आन्दोलनमा सहभागी भएर पनि ऐक्यबद्धता जनाए । कलकताका पत्रकार भोला चटर्जीले पनि आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । डा. कुलदीप झा कुशहा मोर्चामा सहिद भए भने देवेन्द्रप्रसाद सिंह, नरसिंह नारायण सिंह, भावुक गुरुजीलगायत अनेक भारतीय सहयोगीले आन्दोलनलाई विभिन्न रूपमा योगदान पुऱ्याए । यस सम्पूर्ण वातावरणमा पटना कफी हाउस एउटा मौन, तर प्रभावशाली केन्द्रका रूपमा उपस्थित थियो ।

त्यसबेलाको अर्को विशेषता राजनीति र साहित्यबीचको निकट सम्बन्ध थियो । लेखकहरू लोकतन्त्रबारे बोल्थे, राजनीतिज्ञहरू साहित्य र संस्कृतिमाथि धारणा राख्थे, पत्रकारहरूले दुवैलाई समाजसम्म पुऱ्याउने काम गर्थे । बिपी कोइरालाजस्ता साहित्यिक चेतना भएका नेताका लागि यस्तो वातावरण अत्यन्त स्वाभाविक थियो । उनले पटनामा राजनीतिक सहयोगी मात्र होइन, वैचारिक सहयात्री पनि पाए ।

सन् १९५०को आन्दोलन समाप्त भएपछि पनि त्यस समय बनेका सम्बन्ध समाप्त भएनन् । व्यक्तिहरू आ-आफ्नो भूमिकामा फर्किए, राजनीतिक परिस्थिति बदलिँदै गए, तर त्यस युगमा निर्माण भएको विश्वास र आत्मीयता दशकौंसम्म कायम रह्यो । त्यसको प्रभाव नेपाल-भारत सम्बन्ध, पत्रकारिता, साहित्य र लोकतान्त्रिक संवादमा दीर्घकालसम्म देख्न सकिन्छ ।

कालिदास रंगालय र बिपीको सांस्कृतिक संसार

बिपी कोइरालालाई केवल राजनीतिज्ञका रूपमा मात्र बुझ्दा उनको व्यक्तित्वको एउटा अत्यन्त महत्वपूर्ण पक्ष ओझेलमा पर्छ । उनी राजनीतिसँगै साहित्य, दर्शन, मनोविज्ञान, इतिहास र रंगकलाप्रति गहिरो अनुराग राख्ने सार्वजनिक बौद्धिक व्यक्तित्व थिए । उनका लागि राजनीति सत्ताको अभ्यास मात्र होइन, मानिसको चेतना, संस्कृति र नैतिकताको प्रश्न पनि थियो । यही कारणले उनी जहाँ रहे पनि पुस्तक, लेखक, कलाकार र विचारकको संसारसँग निरन्तर जोडिइरहे ।

त्यसबेलाको पटना यस्तै बहुआयामिक बौद्धिक जीवन भएको सहर थियो । विश्वविद्यालय, पुस्तकालय, प्रकाशन संस्था, नाट्यमञ्च, पत्रकारिता र कफी हाउस-यी सबै एक-अर्काका प्रतिस्पर्धी होइन, पूरक संस्थाजस्ता थिए । यही वातावरणले पटनालाई उत्तर भारतको एउटा विशिष्ट सांस्कृतिक राजधानीको स्वरूप दिएको थियो ।

त्यसबेलाको पटनामा साहित्य र राजनीतिबीच कुनै कठोर विभाजन थिएन । प्रेमचन्द, प्रसाद, निराला वा रेणुको चर्चा भइरहँदा लोकतन्त्र, किसान आन्दोलन वा सामाजिक परिवर्तनका प्रश्नहरू पनि सहज रूपमा उठ्थे । कुनै दिन सेक्सपियर, इब्सेन वा बर्नार्ड साका नाटकमाथि बहस हुन्थ्यो भने अर्को दिन भारतीय समाजवादी आन्दोलन र दक्षिण एसियाको भविष्यबारे छलफल चल्थ्यो । विचारका यी सबै प्रवाह कफी हाउसमा आएर एक-अर्कासँग संवाद गर्थे ।

बिपीको सार्वजनिक जीवनले एउटा महत्वपूर्ण सन्देश दिन्छ- लोकतन्त्र केवल निर्वाचन, संविधान वा सरकारबाट मात्र सुदृढ हुँदैन । त्यसलाई साहित्य, कला, रंगमञ्च, पत्रकारिता र स्वतन्त्र विचारको वातावरणले पनि उत्तिकै बलियो बनाउँछ । सम्भवत: यही कारणले उनले सार्वजनिक जीवनमा सांस्कृतिक संस्थाहरूको भूमिकालाई विशेष महत्त्व दिएका थिए । पुस्तकालय, नाट्यशाला र कफी हाउस उनका लागि लोकतान्त्रिक समाजका मौन, तर अपरिहार्य विद्यालय थिए ।

यसैले बिपी कोइराला, कालिदास रंगालय र पटना कफी हाउसबीचको सम्बन्ध कुनै व्यक्तिगत रुचिको प्रसंग मात्र होइन । त्यो दक्षिण एसियाको उदार, लोकतान्त्रिक र सांस्कृतिक रूपमा सचेत बौद्धिक परम्पराको प्रतिनिधि सम्बन्ध हो-जहाँ साहित्यले राजनीतिलाई मानवीय बनाउँछ, रंगमञ्चले समाजलाई ऐना देखाउँछ, र संवादले लोकतन्त्रलाई जीवन्त राख्छ ।

द सर्चलाइट र नेपाल-बिहारको बौद्धिक संवाद

कुनै समाजको बौद्धिक स्तर मापन गर्ने एउटा महत्वपूर्ण आधार त्यहाँको पत्रकारिता पनि हो । विश्वविद्यालयले विचार जन्माउँछ, साहित्यले त्यसलाई संवेदनशील बनाउँछ, तर पत्रकारिताले ती विचारलाई समाजसम्म पुऱ्याउँछ । बीसौं शताब्दीको मध्यतिर पटना यस्तै सशक्त पत्रकारिताको केन्द्र थियो । त्यहाँबाट प्रकाशित हुने दैनिक पत्रपत्रिकाले केवल बिहारको जनमत निर्माण मात्र गर्दैनथे; सीमावर्ती नेपालको राजनीतिक र बौद्धिक जीवनमा पनि उल्लेखनीय प्रभाव पार्थे ।

त्यसबेला अंग्रेजी दैनिक 'द सर्चलाइट' र हिन्दी दैनिक 'आर्यावर्त' बिहारका सर्वाधिक प्रभावशाली समाचारपत्रमध्ये गनिन्थे । आर्यावर्त दैनिकको स्वामित्व 'दरभंगा महाराज'को थियो । आज नगण्य नेपालीलाई थाहा होला कि एडमन्ड हिलारी र तेन्जिङ शेर्पाले गरेको सगरमाथा, एभरेस्टको पहिलो अभियानमा यिनै दरभंगा महाराजाको पनि महत्वपूर्ण भौतिक योगदान रहेको थियो । खुला सीमा, सांस्कृतिक निकटता र निरन्तर राजनीतिक सम्पर्कका कारण नेपालका समाचार बिहारका लागि आन्तरिक चासोसरह महत्व राख्थे । नेपालमा राणा शासनविरुद्धको आन्दोलन तीव्र बन्दै जाँदा यी पत्रपत्रिकाले त्यसका घटनाक्रम, नेपाली कांग्रेसका गतिविधि, भारत-नेपाल सम्बन्ध तथा लोकतान्त्रिक संघर्षका विभिन्न पक्षलाई निरन्तर स्थान दिए । राजा महेन्द्रले सन् ६०मा संसदीय प्रजातन्त्रको हत्या गरेपछिको प्रजातन्त्र स्थापनाको आन्दोलनमा पनि यी पत्रिकाको योगदान रह्यो । बिपी कोइराला पटना आएका बेला पत्रकारहरू उनीसँग भेट्न उत्सुक रहन्थे । उनीहरू नेपालको तत्कालीन राजनीतिक अवस्था मात्र होइन, लोकतन्त्र, राष्ट्रियता, समाजवाद, भारत-नेपाल सम्बन्ध र दक्षिण एसियाको बदलिँदो राजनीतिक दिशाबारे पनि उनको दृष्टिकोण बुझ्न चाहन्थे ।

पटना कफी हाउसमा हुने छलफलमा नेपालका विषय नियमित रूपमा उठ्थे । राणा शासन, राजा महेन्द्रले गरेको सैनिक कू, प्रजातन्त्र स्थापनाको आन्दोलन, सीमापारको जनजीवन, भारत-नेपाल सम्बन्ध, भाषा, संस्कृति र लोकतन्त्रका साझा चुनौतीमाथि खुला बहस हुन्थ्यो । पत्रकारहरूले यस्ता संवादलाई समाचारको स्रोत मात्र होइन, विचार निर्माणको विद्यालयका रूपमा पनि उपयोग गर्थे । इतिहासमा केही स्थान यस्ता हुन्छन्, जसको महत्व तिनका भौतिक संरचनाले होइन, त्यहाँ निर्माण भएको चेतनाले निर्धारण गर्छ । पटना कफी हाउस त्यस्तै एउटा ऐतिहासिक सार्वजनिक स्थल थियो ।

यस संस्मरणमा उल्लेख गरिएका व्यक्तित्व, घटना र प्रसंगहरू हेर्दा स्पष्ट हुन्छ-बीसौं शताब्दीको मध्यकालीन पटना केवल एउटा प्रशासनिक राजधानी थिएन । प्राचीन मगध, मिथिला र तिरहुतको विद्वत् परम्परालाई आधुनिक लोकतान्त्रिक चेतनासँग जोड्ने एउटा जीवन्त केन्द्र थियो ।

यस स्मृति आलेखको उद्देश्य पटना कफी हाउसको इतिहासलाई अतिरञ्जित बनाउनु वा त्यसलाई कुनै मिथकीय आख्यानमा रूपान्तरण गर्नु होइन । यसको उद्देश्य एउटा बिर्सिदै गएको बौद्धिक संस्कृतिलाई, जसले मेरो युवावस्थाको चिन्तन प्रणालीलाई पनि एउटा धारमा डोहोऱ्याउन मद्दत गरेको थियो-त्यसको पुन: स्मरण गर्नु हो । नेपाल र भारतका भावी पुस्ताले यदि साझा इतिहासको प्रेरणा खोज्ने हो भने यस्ता स्थल, यस्ता सम्बन्ध र यस्ता स्मृतिहरूको पुन: अध्ययन आवश्यक छ ।

किनभने यो इतिहास केवल सीमा तस्करी तथा त्यसका नियन्त्रणनिम्ति संयन्त्रहरूको निर्माण, काँडेतारबाट घेरबेरका उपायहरूको खोजी, द्विपक्षीय झैं-झगडा, सीमा विवाद तथा सन्धि परिमार्जन अनि प्रमहरूलाई भ्रमणका लागि दिइने निमन्त्रणा, धार्मिक द्वन्दहरूको आयात-निर्यात, सत्ताको कथा होइन; इतिहास संवाद र संस्कृतिको पनि कथा हो ।

हाम्रो राजधानीमा यस्तै एक कफी हाउसको रूपमा 'इन्दिरा रेस्टुरेन्ट' थियो, पीपलबोटमा । आज रहेन, फेरि बनेन पनि । पटनाको त्यो कफी सप पनि नासियो । यी दुवैसँग मेरा पनि स्मृति टाँसिएर रहेका छन् । त्यही बौद्धिक युगलाई श्रद्धापूर्वक सम्झने एउटा विनम्र प्रयास हो- मेरो यो लेखन !

कर्नाटकविरुद्ध नेपालको दोस्रो सफलता

काठमाडौं/मस– भारत भ्रमणमा रहेको नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले दोस्रो एकदिवसीय अभ्यास (एसिसी प्रिमियर कपको अभ्यास) मा लगातार दोस्रो जित दर्ता गरेको छ। दोस्रो जित दर्ता गर्ने क्रममा नेपालले शुक्रबार त्यहाँको कर्नाटक राज्यस्तरीय टोलीलाई पाँच विकेटले हरायो ।

शुक्रबारको खेलमा कर्नाटकले दिएको २४३ रनको लक्ष्य नेपालले ४४ दशमलव तीन ओभरमा पाँच विकेटको क्षतिमा भेट्टायो । नेपालको जितमा मध्यक्रमका ब्याटर देव खनालले शतकीय पारी खेले। उनले ११३ बलमा चार चौका र दुई छक्कासहित अविजित १०० रनको पारी खेलेका हुन् । आसिफ शेखले ३८, सन्दीप जोराले ३०, अर्जुन कुमालले २६ र रोहितकुमार पौडेलले १२ रन जोडे । अविजित रहेका बसिर अहमदले अविजित २२ रन बनाए। कर्नाटकका लागि बलिङतर्फ एल बन्नुर, आदित्य गोयल, अरविन्दकुमार राई, रितेश भटकल र चीरन्थ शिवरुद्रले समान एकरएक विकेट लिए । त्यसअघि पहिला ब्याटिङ गरेको कर्नाटकले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २४२ रन बनाएको थियो । उसका लागि शरथ श्रीनिवासले ४८, सहर्ष रेड्डीले ४३ रन, रितेश भट्कलले ३७, समर्थ श्रीनिवासले ३२ र फैजान खानले २० रन बनाएका थिए । नेपालका लागि बलिङतर्फ करण केसी र सन्दीप लामिछानेले समान तीन/तीन तथा हेमन्त धामीले दुई विकेट हात पारे। कर्नाटकविरुद्धको पहिलो अभ्यास खेलमा नेपालले ११६ रनको जित निकालेको थियो।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०६/०१ मा दर्ता भएको **प्रा. लि. नं. १४०२९६** को श्री **कार्यविनायक इन्भेष्टमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

रसुवा हाइड्रोपावर लिमिटेड
रजिष्टर कार्यालय, बालाजु–१६, काठमाडौं
सम्पर्क नं. ९७६८५९३४०६

विशेष साधारण सभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/०६

